
# श्रवणदृष्टि विहीनता र श्रवणदृष्टि विहीनताको पहिचान सम्बन्धी




## जानकारीमुलक हाते पुस्तिका

## राष्ट्रिय बहिरा महासंघको भनाई

यस श्रवणदृष्टि विहीनता सम्बन्धी स्रोत पुस्तिका नेपालमा रहेका श्रवणदृष्टि विहीनता भएका व्यक्तिहरुको आधारभूत आवश्यकताको पहिचान र सोही अनुरुप घरपरिवार, समुदायमा आधारित सेवाहरु तथा शिक्षामा श्रवणदृष्टि विहीनता भएका व्यक्तिहरुको सरल र सहज पहुँच अभिबृद्धि गर्ने तथा श्रवणदृष्टि विहीनता भएका व्यक्तिहरुको सहि पचिान गर्न सहजीकरण गर्ने उद्देश्यले प्रकाशन गरिएको हो । श्रवणदृष्टि विहीनता नेपालमा एक विशिष्ट अपाङ्गताको वर्गका रुपमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन २०७४ ले परिभाषित गरेको भएता पनि हालसम्म श्रवणदृष्टि विहीनताको पहिचानसँगै उनीहरुको आधारभूत आवश्यकता जस्तै सञ्चार, गमनशीलता तथा शिक्षामा पहुँच स्थापित हुन सकिरहेको छैन ।

यसै सन्दर्भमा श्रवणदृष्टि विहीनताको पहिचान, आधारभूत आवश्यकता तथा सरकारबाट प्राप्त हुने सेवासुविधामा पहुँच बढाउनमा सहायता प्रदान गर्न तथा श्रवणदृष्टि विहीनता भएका व्यक्तिहरुको अधिकार प्राप्तिको दिशामा यो स्रोत पुस्तिका कोशेढुङ्गा हुने विश्वास महासंघले लिएको छ । नेपालमा पहिलोपटक श्रवणदृष्टि विहीनता सम्बन्धी स्रोत पुस्तिका प्रकाशन गरी सरोकारवालाहरु समक्ष पु¥याउन पाउँदा बहिरा महासंघ खुशी व्यक्त गर्दछ ।

अपाङ्गता आफैमा पछाडी परेको वा पारिएको वर्ग हो । हाल विकासका समग्र प्रक्रियामा अपाङ्गता भएका व्यक्तिहरुको अर्थपूर्ण सहभागिताको सवाल उठ्दै आएको छ । कल्याणकारी अवधारणाबाट शुरु भएको अपाङ्गताको सवाल मेडिकल अवधारण, सामाजिक अवधारणा हुदै मानव अधिकारको अवधारणको रुपमा विकास भइसकेको छ । यसरी अपाङ्गता मानव अधिकारको अवधारणाको रुपमा विकास भएता पनि अपाङ्गता भित्र पनि पछाडी परेका वा पारिएका विशेष वर्गहरु जस्तै श्रवणदृष्टि विहीनता भएका व्यक्तिहरुको हकमा भने हालसम्म उनीहरुको सहि पहिचान तथा आवश्यकताको पहिचानगरी सहायता प्रदान गर्ने सवाल निकै चुनौतिपुर्ण बन्दै आएको छ । श्रवणदृष्टि विहीनता भएका व्यक्तिहरुले आफनो

पहिचान अनुरुप परिचयपत्र प्राप्त गर्न नसक्नु, स्पर्श सञ्चार लगायत सञ्चारका अन्य वैकल्पिक विधिहरुको विकास नहुनु र शिघ्र पहिचान र सेवाहरुमा पहुँच नपाउने अवस्थाका कारण अधिकांश श्रवणदृष्टि विहीन बालबालिका शिक्षा, सञ्चार, गमनशीलता, वैयक्तिक विकास लगायतका आधारभूत अधिकार समेतबाट वञ्चित रहनु परेको छ ।

श्रवणदृष्टि विहीनता सुनाई तथा दृष्टि सम्बन्धी अपाङ्गता एकै व्यक्तिमा हुने अवस्था हो जसका कारण व्यक्तिको सञ्चार, गमनशीलता तथा शिक्षा प्राप्त गर्ने तरिका र आवश्यकता नितान्त पृथक हुनजान्छ । नेपाल सरकारले श्रवणदृष्टि विहीनतालाई एक पृथक वर्गका रुपमा परिभाषित गरी २०७८ को जनगणनामा समेत अपाङ्गता सम्बन्धी प्रश्नावलीमा समेटिनु सकारात्मक रहेको छ । तथापि श्रवणदृष्टि विहीनताको पहिचान गर्नसक्ने दक्ष जनशक्तिको कमिका कारण जनगणनामा समेत श्रवणदृष्टि विहीनता भएका व्यक्तिहरुको सहि तथ्याङ्क आउन कठिन रहेको देखिन्छ । यसका साथै हाल जन्मजात श्रवणदृष्टि विहीनता भएका बालबालिका शिक्षाको पहुँचमा नरहेको अवस्थालाई मध्यनजर गर्दै शिक्षा तथा मानव स्रोत विकास केन्द्र तथा स्थानिय निकायहरुले स्रोत कक्षा स्थापनाको कार्यलाई अगाडी बढाइरहेका छन् । यसरी स्रोत कक्षाहरुमा अध्यापन गराउन समेत श्रवणदृष्टि विहीनताको सहि पहिचान र सो पश्चात सञ्चार, गमनशीलता तथा शिक्षा प्रदान गर्नका लागि सक्षम जनशक्तिको आवश्यकता रहन्छ । यसै सन्दर्भमा यस पुस्तिकाले श्रवणदृष्टि विहीनताको सहि पहिचान गर्नका साथै आवश्यकताहरुको पहिचान गर्ने गरी सोही अनुरुपका सेवा प्रदान गर्न मार्गदर्शन प्रदान गर्ने विश्वास यस महासंघले लिएको छ ।

यो पुस्तिका सेन्स इन्टरनेश्नल मार्फत ल्भगिmदय क्तषतगलन को अर्थिक सहायतामा राष्ट्रिय बहिरा महासंघ, श्रवणदृष्टि विहीन राष्ट्रिय स्रोत केन्दबाट प्रकाशन गरिएको हो । यस पुस्तिकाको निर्माणमा सल्लाह दिनु हुने सेन्स इन्टरनेश्नल इण्डियाका डाइरेक्टर अकिल पल, सहायक डाइरेक्टर उत्तम कुमार तथा तालिम तथा मानव स्रोत

विकास शाखा प्रमुख सचिन रिजाललाई महासंघ परिवार धन्यवाद व्यक्त गर्न चाहन्छ । यस पुस्तक निर्माणमा निरन्तर लाग्नु भएका महासंघ अन्तर्गत श्रवणदृष्टि विहीन स्रोत केन्द्रका कर्मचारीहरु लगायत पुस्तिका लेआउट, डिजाइन तथा सम्पादनमा सहयोग गर्नुहुने महासघं लगायत साझेदार संस्थाका सम्पुर्ण कर्मचारीहरुलाई पनि महासंघ परिवार धन्यवाद व्यक्त गर्न चाहन्छ ।

अन्तमा, नेपालमा श्रवणदृष्टि विहीनताका सवालमा निर्मित यस पुस्तिका सम्बन्धित सबै सरोकारवालाहरु समक्ष पु¥याउन र पुस्तिकाको भरपूर उपयोग गर्न सम्बन्धित सबैमा बहिरा महासंघ हार्दिक अनुरोध गर्दछ । श्रवणदृष्टि विहीनताका थप सवालहरु समावेश गरी यस पुस्तिकालाई अझै परिमार्जित गर्न तथा श्रवणदृष्टि विहीनता भएका व्यक्तिहरुको विकास र अधिकारमा पहुँच स्थापना गर्न यहाँहरुको अमूल्य सुझाव र सहयोगको महासंघ परिवार सदैव स्वागत गर्दछ ।

अध्यक्ष

असोज, २०७९

प्रकाशकः

श्रवणदृष्टि विहीनता राष्ट्रिय स्रोत केन्द्र

राष्ट्रिय बहिरा महासंघ नेपाल

लाजिम्पाट, काठमाण्डौ

हाम्रो भनाई

## विषयसुची


१. श्रवणदृष्टि विहीनताको परिचय

२. श्रवणदृष्टि विहीनताको प्रकार


३. श्रवणदृष्टि विहीनताको कारण

४. श्रवणदृष्टि विहीनताको पहिचान

५. अभिभावकहरूको भुमिका

## श्रवणदृष्टि विहीनता

### १. श्रवणदृष्टि विहीनताको परिचय:




श्रवणदृष्टि विहीनता (Deafblindness) एक पृथक वर्गको अपाङ्गता हो। श्रवणदृष्टि विहीनतालाई दुई इन्द्रिय सम्बन्धी अपाङ्गताका रुपमा पनि बुझ्न सकिन्छ जसमा सुनाइ तथा दृष्टि सम्बन्धी अपाङ्गता एकै व्यक्तिमा रहेको हुन्छ । सुनाई तथा दृष्टि क्षमतामा आउने ह्रासका कारण उक्त व्यक्तिलाई तपाईसंग कुराकानी गर्न, आफ्नो दैनिक जीवनका आवश्यकता पुरा गर्न, शिक्षा प्राप्त गर्न समस्या आउने गर्दछ साथै स्वतन्त्रतापूर्वक आफै हिड्डुल गर्न समेत अर्को व्यक्तिको सहयोगको आवश्यकता रहन्छ।

श्रवणदृष्टि विहीनता भएका व्यक्तिको दृष्टि तथा सुनाईमा प्रक्रियामा ह्रासका कारण व्यक्तिको कार्यगत सिमितताको अवस्था देखा पर्दछ । जसका कारण व्यक्तिको

संचारमा कठिनाई हुदाँ सुचना आदान– प्रदान गर्न, अभिमुखिकरण, गतिशीलता, शिक्षा, स्वास्थ्य र गुणस्तरीय जिवनयापनमा प्रभाव परेको हुन्छ ।  यसलाई दुईवटा इन्द्रियहरुमा हुने हानि वा "बहु–इन्द्रिय ह्रास" को रूपमा पनि उल्लेख गरेको पाइन्छ ।

नेपालमा सरकारले जारी गरेको अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन २०७४ ले श्रवणदृष्टि विहीन अपाङ्गतालाई "सुनाई सम्बन्धी र दृष्टि सम्बन्धी दुवै अपाङ्गता भएको वा दुईवटा इन्द्रिय सम्बन्धी अपाङ्गताको संयुक्त अन्तरक्रिया रहेको व्यक्ति" भनेर परिभाषित गरेको छ ।

## २. श्रवणदृष्टि विहीनताको प्रकार:

नेपाल सरकारको परिभाषा अनुसार सामान्यतया श्रवणदृष्टि विहीनता भन्नाले पूर्ण रुपमा सुन्न नसक्नु र पूर्ण रुपमा दृष्टि क्षमता नहुने अवस्था भन्ने बुझाइको विकास हुन सक्दछ तर अधिकांश श्रवणदृष्टि विहीनता भएका व्यक्तिहरुमा सुनाइ तथा दृष्टिको क्षमता केही मात्रा बाँकी रहेको हुन्छ । सुनाइ तथा दृष्टि क्षमताको आधार तथा श्रवणदृष्टि विहीन भएको उमेरका आधारमा श्रवणदृष्टि विहीनता भएका व्यक्तिहरुको व्यवहारमा समेत फरक पर्ने भएकाले विशेष गरी श्रवणदृष्टि विहीनतालाई दुई आधारहरुमा वर्गिकरण गर्न सकिन्छ ।

### २.१ ग्रहण गर्ने क्षमताको आधारमा:

#### *२.१.१ जन्मजात श्रवणदृष्टि विहीनता (Congenital Deafblindness)*

जन्मजात श्रवणदृष्टि विहीनता भनेको त्यस्तो अवस्था हो जसमा जन्मदै वा जन्मपछि २ बर्षको समयावधी भित्र (भाषा विकास पूर्वको अवस्था) दृष्टि र श्रवण क्षमतामा ह्रास भएको हुन्छ । जन्मजात श्रणदृष्टि विहीनता भएका व्यक्तिहरुको भाषिक विकास नभएको हुनसक्ने भएकाले सञ्चारमा, अभिमुखिकरण र  गमनशिलता जस्ता कुराहरुमा समेत कठिनाई देखापर्दछ । जन्मजात श्रवणदृष्टि विहीनता भएकाका व्यक्तिहरु सामान्यतया केहि कुरा सिक्न, कुराकानी र हिडँडुल गर्नका लागी स्पर्शमा

निर्भर रहेका हुन्छन् । जन्मजात श्रवणदृष्टि विहिन भएका बालबालिकाहरुले आफ्नो हातका औंलाहरु जहाँसम्म पुग्दछ संसार त्यतीमात्र हो

भन्ने ठान्दछन् । उनिहरुले संसार  सुरुमा साँघुरो छ भन्ने बुझ्दछन् । यस्ता बालबालिकाले छुन सक्ने दायरामा अन्य व्यक्तिहरु नबसेमा उनिहरुले सधैँ एक्लो महशुस गर्ने गर्दछन् । अपाङ्गता भएर जन्मिएका शिशुका अभिभावकहरुलाई श्रवण वा दृष्टि क्षमताबारेमा ज्ञान नभएको हुदाँ आमा–बाबुले ती क्षमताको विकास कसरी गर्न सकिन्छ भन्ने तर्फ ध्यान पु¥याउन सक्दैनन् । जसको कारण शिशुहरुमा थप अन्य कठिनाईहरु पनि देखा पर्न सक्दछन् ।

*२.१.२ जन्मपछि हुने श्रवणदृष्टि विहीनता (Acquired Deafblindness)*

“जन्मपछि हुने श्रवणदृष्टि विहीनता” भन्नाले व्यक्तिले सञ्चार (भाषिक विकाश पछिको अवस्था) गर्न सिकिसकेपछि दृष्टि र श्रवण क्षमता ह्रासको संयोजनलाई जनाउँछ । यस प्रकारको अपाङ्गता भएका व्यक्तिहरुले बोलेर वा सांकेतिक भाषा प्रयोग गरीरहेका हुन सक्छन् । यो अवस्था भएका व्यक्तिहरु जन्मदा श्रवणदृष्टि विहीन नहुने तर पछि विभिन्न कारणहरुबाट श्रवणदृष्टि विहीनता अवस्था देखा पर्दछ । जन्मदा सुनाइ वा दृष्टि मध्ये एक अपाङ्गता वा कुनै अपाङ्गता नभएको हुन सक्ने तर पछि गएर सुनाइ तथा दृष्टि क्षमता ह्रास भइ श्रवणदृष्टि विहीनताको अवस्था सृजना हुन्छ । पछि गएर श्रवणदृष्टि विहीनता भएका व्यक्तिहरुको लागि आफ्नो जीवनको हरेक व्यवहारहरु परिमार्जन गर्नको लागी धेरै चुनौतिहरुको सामना गर्नुपर्ने हुन्छ । श्रवणदृष्टि विहीन भएका व्यक्तिहरुमा विविधता रहेको पाईन्छ ।

जन्मजात बहिरा भएर जन्मेका र पछि गएर पूर्णरुपमा दृष्टि गुमाएका व्यक्तिहरुले साङ्केतिक भाषा सिकेको हुन्छ भने उनिहरुले स्पर्श साङ्केतिक भाषामाको माध्यमबाट सञ्चार गर्न सक्दछन् । दृष्टिविहीनबाट पूर्ण  श्रवणदृष्टि विहीन अपाङ्गता भएका व्यक्तिहरुले बोलेर आफ्नो कुरा व्यक्त गर्न सक्दछन् भने सुचना लिनको लागि ब्रेल, फिङ्गर ब्रे्रलको माध्यमबाट सञ्चार गर्ने गर्दछन् ।

## २.२ सुनाई तथा दृष्टि क्षमता आधारमा

सुनाई तथा तथा दृष्टिमा रहेको क्षमता आधारमा श्रवणदृष्टि विहीनतालाई ४ भागमा वर्गीकरण गरिएको छ।

### *२.२.१ पूर्ण श्रवणदृष्टि विहीनता (दृष्टि विहीनता र बहिरा )*




यदि एउटै व्यक्तिले पुर्णरूपमा सुन्न नसक्ने र पुर्णरूपमा देख्न नसक्ने अवस्था छ भने त्यस्तो अवस्थालाइ पुर्ण श्रवणदृष्टि विहीनता भनिन्छ । यस्तो श्रवणदृष्टि विहीनताको अवस्था जन्मजात वा जन्मपश्चात पनि हुन सक्छ। जन्मजात र जन्मपश्चात श्रवणदृष्टि विहीनता भएका व्यक्तिहरुका आवस्यकता, सहयोगी प्रणली र प्रयोग गर्ने सञ्चारका माध्यमहरु फरक फरक हुन सक्छन्।

### *२.२.२ पूर्ण दृष्टि विहीनता र सुस्त श्रवण*




यदि एउटै व्यक्ति पुर्ण रूपमा देख्न नसक्ने र आंसिक रूपमा अथवा हेयरिङ एडको प्रयोग बाट केही मात्रामा सुन्न सक्ने अवस्थालाइ दृष्टिविहीन तथा सुस्त श्रवण भनिन्छ। यस प्रकृतिको अपाङ्गता भएका व्यक्तिहरुको बोलीको विकास भएको र ब्रेल सिक्न सक्ने हुनाले भाषा विकास भएको हुन्छ। दृष्टिविहिनबाट श्रवणदृष्टि विहीन अपाङ्गता भएका व्यक्तिहरुले बोलेर पनि आफ्ना्◌े कुरा व्यक्त गर्न सक्दछन् भने ग्रहण गर्न व्यक्तिको नजिकगई ठुलो आवाजमा बोलेर वा ब्रेल र फिङ्गर बे्रलको माध्यमबाट सञ्चार गर्न सक्दछन्।

*२.२.३ बहिरा तथा न्युनदृष्टियुक्तः*




एउटै व्यक्ति पुर्ण रूपमा सुन्न नसक्ने र चस्माको प्रयोग गरेर वा नगरेर आशिंक रूपमा देख्न सक्ने अवस्था रहेको हुन्छ भने त्यस्तो अवस्थालाइ बहिरा तथा न्युनदृष्टियुक्त अवस्था भनिन्छ । पछि गएर श्रवणदृष्टि विहीनता भएका यस वर्गको व्यक्तिहरुले साङ्केतिक भाषा सिकेको हुने भएकाले आँखा नजिक गएर साङ्केतिक भाषा र ठूलो साइजका अक्षरमा लेखेका कुराहरु पढेर सञ्चार गर्न सक्दछन् ।

*२.२.४ सुस्त श्रवण र न्यून दृष्टियुक्त :*




एउटै व्यक्ति हेयरिङ एड र चस्मा (लेन्स) को सहयोगले थोरै मात्रामा सुन्न सक्ने र थोरै मात्रामा देख्ने सक्ने अवस्था छ भने त्यस्तो अवस्थालाइ सुस्त श्रवण तथा न्युनदृष्टियुक्त श्रवणदृष्टि विहीनताको अवस्था भनेर बुझिन्छ । यस प्रकृतिका श्रवणदृष्टि विहीनता भएका व्यक्तिहरुको सुनाई र हेराईमा रहेको सिमितताका कारण बोलिएका शब्दहरु आवाज स्पष्ट नहुने भएकाले नबुझिने, बोल्दा शब्दहरु दोहो¥याएर बोल्नु पर्ने हुन्छ । सुस्त श्रवण र न्यून दृष्टियुक्त व्यक्तिहरु सगँ सञ्चार गर्दा काधँमा हातले छोएर बोलाउने र अनुहार हेरेपछि व्यक्तिको नजिकमा गएर ठिक्कको आवाजमा विस्तारै कुरा गर्ने वा ठूलो अक्षरमा लेखेर सञ्चार गर्न सक्दछन् ।

### ३. श्रवणदृष्टि विहीनताको कारण

श्रवणदृष्टि विहीनता विविध कारणले हुन सक्छ, बच्चा गर्भमा रहदा आमालाई विभिन्न रोगको संक्रमणका कारण र विभिन्न औषधिकहरुको अधिक प्रयोग, जन्मिने बेलामा चोटपटक लाग्दा, असुरक्षित प्रसुती भएमा वा जन्मिने समयमा हुने दुर्घटनाका कारण, वंशाणुगत सिमस्या कारण, टाइफाइट, मेनिन्जाइटिस, उच्च ज्वरो, रूबेला, असर सिन्ड्रम अदि कारणले श्रवणदृष्टि विहीनता हुन सक्छ ।

## ४. श्रवणदृष्टि विहीनताको पहिचान

अहले सम्मको नेपालको स्वास्थ्य प्रणालीमा गर्भमै श्रवणदृष्टि विहीनता परिक्षण गर्ने प्रविधिको विकास भएको पाइदैन तर अन्य विकसित देशहरुमा भने यसको परिक्षण गर्भमै पनि गर्ने प्रविधिको विकास भएको पाइन्छ। नेपालमा भने जन्म पछिपनि केही महीना पछाडि मात्रै श्रवणदृष्टि विहीनताको पहिचान  हुने गरिएको पाइएको छ। बालबालिकाको उमेर ४÷५ महिना वा अझै दुर्गम गाँउ घरतिर त ३÷४  वर्ष वा त्यो भन्दा बढी भए पछि मात्रै पहिचान भइरहेको देखिएको छ। यस विषयमा विज्ञ चिकित्सकको कमि, जाँच गराउने ठाँउको अभाव, अभिभावक वा स्वास्थ्यकर्मिहरूमा यस विषयमा प्रयाप्त जानकारी नहुदा ढिला गरि पहिचान भएको पाइन्छ। पहिचान सँग बालबालिकाको विकास जोडिने भएका कारण समयमै यस्तो अवस्थाको पहिचान हुन अवस्यक छ । समयमै पहिचान भयो भने बालबालिकाहरूलाइ उनको अवस्था अनुसार संचारको विकास गर्न, दैनिक जिवनयापनका कृयाकलाप सिकाउन सहज हुन्छ । यस्ता बालबालिकाहरूलाइ समयमा पहिचान नहुदा शिक्षा लिन बाट समेत बन्चितिकरणमा परेको तथ्यांकहरू प्रसस्तमात्रामा पाइन्छन । बालबालिकाहरुमा निम्नअनुसारका व्यवहार देखिएमा उनिहरुमा श्रवणदृष्टि विहीनता हुन सक्दछः

### ४.१ जन्मजात श्रवणदृष्टि विहीनता भएका बालबालिकाले देखाउने सक्ने व्यवहार

- *आँखामा औंलाले घोच्ने*



- बत्ती बलेको दिशा तर्फ बढि  ध्यान दिनु





- शरीर हल्लाउनु
- नयाँ वस्तु छुन नखोज्नु
- टाउको हल्लाउनु
- हातका औंला हल्लाइरहनु
- एकै ठाँउमा उभिन्नु वा हल्लेर बस्नु



- आफ्नै कानमा पिट्नु

- भित्ता वा कुनै बस्तुमा टाउको ठोकाउने
- अनियमित निन्द्रा
- ठुलो आवाजयुक्त वस्तु कानमा लानु





- *एउटै तरिकाको अवाज निकालि गुनगुनाउनु*

४.२ जन्मपश्चात श्रवणदृष्टि विहीनता भएका व्यक्तिहरूले देखाउने सक्ने व्यवहार

- *आँखामा वा परेलामा निरन्तर पानी आउनु वा बग्नु ।*
- *निरन्तर आँखा मिचिरहनु ।*
- *छड्के हेर्नु वा निरन्तर आँखा झिम्काउनु ।*
- *दुबै आँखाले एकै समयमा एकै ठाउँमा हेर्न असमर्थ हुनु ।*
- *हेर्नको लागि टाउको निहुराउनु ।*
- *नजिकबाट हेरेर कुनै काम गरेपछि चक्कर लाग्नु वा धेरै मात्रामा टाउको दुख्नु ।*
- *हेर्नको लागि वा पढ्नको लागि एउटा आँखा बन्द गर्नु वा हातले ढाक्नु ।*
- *आफ्नो वरिपरि के भईरहेको छ भन्ने कुरा बारम्बार आफ्नो नजिकको मान्छेलाई सोध्ने गर्नु ।*
- *बाहिरी कानमा विकृति हुनु ।*
- *कान दुखेको भनि गुनासो गर्नु ।*
- *पटक पटक कानमा संक्रमण हुनु वा लगातार कान चिलाउनु ।*
- *सुन्नको लागि कुरा गरिरहेको व्यक्तिको नजिक जानु ।*
- *निर्देशनहरु दोहर्याउनको लागि आग्रह गर्नु ।*
- *बोल्ने मान्छेको ओठको चालमा बढी ध्यान दिएर हेर्नु ।*
- *आवश्यकता भन्दा बढी संकेतमा निर्भर रहनु ।*
- *एउटा कानलाई आवाज आएको दिशा तिर राखेर सुन्नु ।*
- *रेडियो, टि.भि, वा इएरफोनको आवाज ठूलो पारेर सुन्नु ।*
- *हिड्डुल गर्दा सन्तुलनमा समस्या हुनु ।*
- *चश्मा र श्रवण यन्त्रको प्रयोग*

यदि यस्ता व्यवहार अफ्ना नानि बाबुमा छन भने तत्कालै स्वास्थ्य कर्मि वा यस सम्बन्धि संघ संस्थामा सम्पर्क गरी उनीहरूको चिकित्सकीय परिक्षण गराइ श्रवणदृष्टि विहीन भए नभएको यकिन गर्न पर्छ। यदि श्रवणदृष्टि विहीनता भएको पहिचान भयो भने अफ्नो स्थानीय पालिका, वडा कार्यालयबाट श्रवणदृष्टि विहीन अपाङ्गताको परिचयपत्र बनाइ राज्यबाट पाइने सेवासुविधाको उपयोग गर्न सकिन्छ। त्यसै गरि चाँडै पहिचान भएमा

उनिहरूको अवश्यकता अनुसारको व्यवस्था गरी सहजतरिकाले शिक्षा प्रदान गर्न सकिन्छ ।

## ५. अभिभावकको भुमिकाः

श्रवणदृष्टि विहीनता भएका बालबालिकाहरु सबैभन्दा बढि सुरक्षित अभिभावकहरु सँग हुन्छन् । अधिकतम समय अभिभावकहरुले नै बालबालिकाहरु सँग बिताउने भएका कारण विशेषगरी जन्मजात श्रवणदृष्टि विहीनता भएका बालबालिकाको समिप्यता बढी अभिभावकहरु सँग नै हुन्छ । जन्मजान हुन वा जन्मपश्चात श्रवणदृष्टि विहीनताभएका बालबालिकाको शिक्षा, स्वास्थ्य, दैनिक जीवनयापन लगातका विषयहरुमा अभिभावकको जिम्मेवारी बढी हुन्छ । अपांगता भएपश्चात राज्यले पनि उनिहरुलाई विशेष प्राथमिकताका साथ उनिहरुले पाउनु पर्ने आधारभुत अधिकार प्रवाह गर्नु पर्छ तर राज्य सक्रिय नभएको अवस्थामा त्यस्ता अधिकार लिन पनि श्रवणदृष्टि विहीनता भएका बालबालिकाका अभिभावकहरुकै जिम्मेवारी हुन्छ । यि बाहेक निम्न क्षेत्रमा अभिभाकको भुमिका महत्वपुर्ण हुन्छ ।

- *पहिचान (अपाङ्गता परिचय पत्र)*
- *अपाङ्गताको गाम्भिर्यता र व्यक्तिको अवस्था अनुसार विद्यालय भर्ना (शिक्षा)*
- *दैनिक जीवनका शिप सिक्न आवश्यक हने बालबालिकालाई त्यस्ता सिप सिक्न सहयोग गर्ने ।*
- *बालबालिकालाई आवश्यक स्वास्थ्य सेवाका लागि सहयोग गर्ने ।*
- *गमनशिलता र अभिमुखिकरण आवश्यक भएका बालबालिकालाई सो सम्बन्धी जानकारी उपलब्ध गराउने ।*
- *बालबालिकाले राज्य बाट पाउने विभिन्न सेवाहरुमा सहयोग गर्ने आदि ।*

## हेलन केलर सन १९८० जुन महिनाको २७ तारेखमा जन्मिनु भएको थियो ।



जन्मिदा हेलेन देख्न सक्ने र सुन्न सक्ने हुनुहुन्थ्यो । बाल्यावस्थामा उहाँ बिरामी पर्नु भयो । उहाँको परिवारले धेरै ठाँउमा उनको उपचारको लागि धाए तर उनले देख्न र सुन्न सक्नु भएन । उनको परिवारले एकजना एलेक्जेण्डर नामका व्यक्ति संग भेट गरे, जो बहिरा बालबालिकाहरू सँग काम गर्थे । एलेक्जेण्डरले उनिहरूलाइ पार्किन्सन्स संस्थामा काम गर्ने शिक्षक एने सुलिभान सँग भेट गराइदिए । एने दृष्टिविहीन बालबालिकाहरूलाइ पढाउने शिक्षक थिइन । एने सुलिभानले हेलनलाइ विश्व सामु चिनाउनु भयो ।

एनेले हेलेनलाइ सिकाउन धेरै प्रयास गरे, सोहि क्रममा उनले हेलेनको एकहातले पानी छुन लाउनु भयो।

अर्को हातले सांकेतिक भाषामा पानीको संकेत गर्न सिकाउनु भयो र हेलेनको अपचारिक शिक्षाको सुरूवात भयो ।



